हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ०६, २०८२ कात्तिक ९ गते आइतवार (26 Oct. 2025) मूल्य रु. २०।-



शान्तिसुरक्षा चुस्त राख्न सरकारको उच्चस्तरीय बैठक

सुस्केरा समाचारदाता

काठमाडौँ, कात्तिक । तिहार सकिने बित्तिकै धर्ना, आन्दोलनका कुरा बढ्ने देखिए पछि वर्तमान सुरक्षा अवस्थाको विश्लेषण गरी आवश्यक कदम चाल्न प्रधानमन्त्री निवास बालुवाटारमा शनिवार उच्चस्तरीय बैठक सम्पन्न भएको छ ।

बैठकमा सम्माननिय प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, गृहसचिव रामेश्वर दङ्गाल र चारवटै सुरक्षा निकायका प्रमुख हुनुहुन्थ्यो । बैठकमा सुरक्षा प्रमुखले वर्तमान अवस्थाबारे जानकारी दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

बैठकपछि गृहमन्त्री ओमप्रकाश अर्यालले भन्नुभयो, “सुरक्षा अवस्थाबारे हामीले सूक्ष्म विश्लेषण गरेका छौं । विभिन्न समूहले प्रदर्शनका लागि तयारी गरेका जानकारी प्राप्त भएको छ । आफ्ना राजनीतिक माग जिम्मेवार ढङ्गले राख्न सबै स्वतन्त्र छन् ।”

उहाँले राजनीतिक मुद्दाको सम्बोधनका लागि सरकारले संवादको ढोका खुला राखेको र सम्बद्ध पक्षहरूसँग वार्ता गर्ने बताउनुभएको छ ।

गृह मन्त्रालयले कुनै पनि माग वार्ता र संवादमार्फत समाधान खोज्न सबैमा अनुरोध गरेको छ ।

मन्त्रालयका प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले हाल सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा

.... .पेज नं. ८ मा

चाडपर्व रमाइलो र अपनत्वका सेतु

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक । चाडपर्वको बेला टाढा टाढाबाट घरमा आउने सबै एक ठाउँमा जम्मा भएर सुख दुखका कुरा गर्ने, दुखपीडा बिसर्न चाडपर्व प्रमुख सेतु बनेको पाइन्छ ।

नेपाली समाजले मनाउने गरेका विभिन्न चाडपर्वले नेपाली समाजलाई एकताबद्ध बनाएको पाइन्छ । नेपालीहरुले मनाउने दशै, तिहार, छठ, स्होसार, चैती, इद लगायतका विभिन्न चाडपर्वहरु नेपाली जातजातिहरुद्धारा आ आफ्नै तरिकाले र माउदै मनाउने गरिन्छ ।

यसै क्रममा तिहारमा सबैभन्दा रमाइलो देउसी भैलो खेलेर रमाइलो गरिन्छ । दशैमा विभिन्न तरिकाले नाचगान गने , टिका जमरा लगाइदिएर आशीर्वाद दिने गरिन्छ । तिहारमा देउसी भैलोमा पनि विभिन्न कथानाकता रहेको हुन्छ । विभिन्न घट्नाहरुलाई रमाइलो बनाउदै देउसी भैलो गाउदै देउसी भैलो खेल्दै नाच्ने गरिन्छ ।

काग तिहार, कुकुर तिहार, लक्ष्मी पुजाका

.... .पेज नं. ८ मा

आजबाट विद्यालयहरु खुल्ने

मेनुका बुढा

डोल्पा, कार्तिक । दशै तिहार चार्ड पर्व सकिए पछि आजबाट डोल्पा जिल्लाको मध्य र तल्लो भेगका सबै विद्यालयहरु खुल्ने भएका छन् । हिन्दुहरुको महान चार्ड दशै र तिहारको धार्मिक रुपमा मात्र नभएर सामाजिक साँस्कृतिक र मनोवैज्ञानिक रुपमा पनि ठुलो महत्व रहेको छ ।

यी चार्ड पर्व मनाएर सकिए पछि सामुदायिक तथा संस्थागत विद्यालयमा आजबाट धमाधम पठनपाठन हुने भएको कालिका साधारण तथा प्राविधिक माध्यामिक विद्यालयले कालिकाले जनाएको छ ।

आज बाट सबै विधार्थीहरु विद्यालयमा आउन हुन विद्यालयहरुले आग्रह गरेका छन् । चार्ड पर्व मनाउनको लागि यो वर्ष दशैको घटस्थापना देखि तिहर पछि सम्म डोल्पा जिल्लाका धेरै विद्यालयहरु बन्द गरिएका थिए । अघिल्ला

.... .पेज नं. ८ मा

विकासका कामले तिब्रता पाउने

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक । दशै अघिदेखि तिहारसम्म लामो समय बिदा परेका कारण रोकिएका विभिन्न निर्माणका काम तिब्र रुपमा काम हुने जनाइएको छ ।

विकासका कामहरुको निर्माण कार्य सुरु भए पनि दशै र तिहार लगायतका विभिन्न बिदा परेका कारण तिब्रता पाउन नसकेको सम्बन्धित कार्यालयहरुले बताउने गरेका छन् । दशै पछि तिहार बिदा सकिएको छ । अब छठ पर्व मात्र बाँकी रहेका बेला विकासका कामका निर्माण कार्य सुरु गर्ने निर्माण व्यवसायी तथा निर्माण उपभोक्ता समितिहरुले बताएका छन् । पहिलो कुरा निर्माणका लागि निर्माण समिति गठन भई सम्झौता भैसकेर काम सुरु गर्ने बेला जेनजी आन्दोलन

.... .पेज नं. ८ मा

तिहार पछि यात्रा सहज बन्दै

सुस्केरा समाचारदाता

डोल्पा कात्तिक । नेपालीहरुका विभिन्न चाडपर्वहरु मध्ये दोस्रो महत्वपूर्ण तिहार मनाउनमा घर गएका चालक र यात्रा यात व्यवसायीहरु घरबाट फर्केकाले यातायातका साधनहरु सहज रुपमा संचालनमा आएका छन् ।

आइतवार सम्म यातायातका सधानहरु संचालनमा नआउँदा यात्रुहरुलाई भएको शास्ति शनिवारबाट पूर्ण रुपमा हटेर यातायातका साधनहरु सहज रुपमा संचालन भएको यातायात व्यवसायीहरुले बताएका छन् ।

आइतवार सम्म यातायात व्यवसायीहरुले यातायातका साधन लिएरै घर गएका थिए भने तिहार मान्न गएका चालकहरु नफर्केकाले पनि यातायातका साधन पाउन समस्या भएको र शनिवार सबै चालक आइसकेर यातायातका साधन संचालनमा ल्याएकाले यात्रुहरुलाई यात्रा सहज बनेको यातायात व्यवसायी समितिका जिम्मेवार व्यक्ति अपार गुरुंगले बताएका हुन् ।

यातायातका साधन सहज रुपमा संचालनमा आए पछि शनिवार मात्रै काठमाण्डौं फर्कनेहरुले बस खचाखच

.... .पेज नं. ८ मा

जेनजीका माग पुरा गर्न संसद पुनःस्थापना हुनुपर्छ

सुस्केरा समाचारदाता

नवलपरासी, कात्तिक । यहाँ आयोजित एक कार्यक्रममा नेकपा (एमाले) का उपमहासचिव प्रदीप ज्ञवाली ले चुनावको तयारीसँगै एमाले संसद पुनःर्स्थापनाको एजेन्डा लाई प्राथमिकतामा राखेर अघि बढेको बताउनुभएको छ । नवयुवा पुस्तासहित असन्तुष्ट पक्षका माग सम्बोधन गर्न संसद पुनःस्थापना नै उत्तम विकल्प रहेको उहाँले जिकिर गर्नुभयो ।

पश्चिम नवलपरासीको सुनवलमा आयोजित कार्यकर्ता भेटघाटमा बोल्दै एमाले उपमहासचिव ज्ञवालीले फागुन २१ मा तोकिएको चुनाव गरा उने पक्षमा सरकार नदेखिएको दाबी गर्नुभयो ।

“चुनाव हुने सम्भावना एमाले ले आजको मितिसम्म देखेको छैन्, पहिलो कुरा चुनाव गराउने सरकारको मनसाय नै देखिदैन्, चुनाव गराउँदा उनीहरुको उद्देश्य पूरा हुँदैनन्” उहाँले भन्नुभयो, “सुरक्षाकर्मीबाट लुटिएको एक हजार बढी हतियार बाहिर छन्, भगाइएका १४ हजार कैदीमध्ये साढे ५ हजार अझै पनि बाहिरै छन् । गम्भीर अपराधमा संलग्न उनीहरुलाई कतिबेला कसले प्रयोग गर्छ, टुंगो छैन् । प्रहरीको मनोबल घटेको छ, यस्तो अवस्थामा चुनाव हुन्छ भनेर कसरी विश्वास गर्ने ?” आर्को सरकारले देशका ठुला दलहरुलाई विश्वासमा लिनुको साटो उपेक्षित गराउने तर्फ उद्धत सरकार देखिन्छ । यस प्रकारको वातावरणमा निर्वाचन कसरी हुन्छ ।

भदौ २३ गतेको घटनालाई आधार बनाएर राजनीतिक दलहरुलाई

.... .पेज नं. ८ मा

शान्तिसुरक्षा चुस्त . ...

समूहका नाममा धर्ना, जुलुस, विरोध प्रदर्शन लगायत आन्दोलनका कार्यक्रमहरू सार्वजनिक भइरहेको विषयमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै सबैका जायज माग, चासो एवम् सरोकार लाई सम्बोधन गर्न सरकार गम्भीर रहेको स्पष्ट पार्नुभएको छ ।

उहाँले आज एक विज्ञप्ति जारी गरी भन्नुभएको छ, "यस्ता धर्ना, जुलुस, प्रदर्शन, आन्दोलन लगायत कार्यक्रमहरू नगरी वार्ता र संवाद का माध्यमबाट कुनै पनि मागको विधिसम्मत समाधान खोज्न सबैमा हार्दिक अनुरोध छ ।"

जेनजीपुस्ताको अगुवाइमा भएको प्रदर्शन पश्चात् गठन भएको वर्तमान सरकार आगामी फागुन २१ गते का लागि तय भएको निर्वाचनको वातावरण बनाउनेतर्फ क्रियाशील रहेको स्मरण गराउँदै मन्त्रालयका प्रवक्ता काफ्लेले सोही अनुसार सरकारले निर्वाचन सम्बन्धी कानुनमा संशोधन, स्रोत र साधनको व्यवस्थापन, राजनीतिक दल तथा सरोकार भएकाहरूसँग वार्ता र संवाद गरिरहेको जानकारी दिनुभयो ।

देशमा शान्तिसुरक्षा कायम गर्दै घोषित मितिमा स्वच्छ, निष्पक्ष एवम् भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबैको योगदान महत्त्वपूर्ण र भूमिका अपरिहार्य रहेको भन्दै सो हीबमोजिमको भूमिका र दायित्व अनुसार सहकार्य र समन्वय आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो ।

मन्त्रालयद्वारा शनिवार जारी विज्ञप्तिमा भनिएको छ, "गत भदौ २३ र २४ गते को प्रदर्शनपश्चात्, सार्वजनिक सेवा पुनः सञ्चालन गर्नाका साथै क्षतिग्रस्त संरचनाको पुनर्निर्माण प्रक्रिया आरम्भ गरी शान्तिसुरक्षाको अवस्था सामान्य हुँदै जानुका साथै सरकारले निर्वाचन केन्द्रित वातावरण निर्माण गरिरहेको छ । हाल सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा समूहका नाममा धर्ना, जुलुस, विरोध प्रदर्शनलगायत आन्दोलनका कार्यक्रमहरू सार्वजनिक भएको विषयमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।"

देशमा अस्थिरता निम्त्याउन खोज्ने स्वार्थ समूहले यस्ता कार्यक्रममा घुसपैठ गरी अशान्ति एवम् अराजकता निम्त्याउन सक्ने हुँदा त्यसतर्फ आयोजकहरूसमेत सचेत हुनुपर्नेतर्फ मन्त्रालयले ध्यानाकर्षण गराएको छ । आफ्ना माग राख्दा जनताको शान्तिपूर्वक बाँच्न पाउने, निर्बाध सार्वजनिक सेवा प्राप्त गर्ने, निर्वाचनमा भाग लिन पाउनेलगायत हकअधिकार कुण्ठित हुन नदिन र सार्वजनिक सुरक्षा साथै राष्ट्रिय सुरक्षा खलल हुन नदिई मुलुकमा साम्प्रदायिक सद्भाव कायम राख्दै राष्ट्रिय हितको प्रवर्द्धन गर्ने कार्यमा योगदान गर्न मन्त्रालयले सबैमा अनुरोध गरेको छ ।

जेनजीका माग ....

जसरी पनि फसाउने र २४ गते को घटनालाई विद्रोहको संज्ञा दिएर उन्मुक्ति दिने सरकारको नियत देखिएकाले चुनाव हुने वातावरण नदेखिएको उहाँले स्पष्ट पार्नुभयो । उहाँले संसद पुनःस्थापनाका लागि एमालेले दबाबमूलक कार्यक्रमहरु अघि बढाउने बताउँदै विचलित नभइ उच्च मनोबलका साथ अघि बढ्न नेता कार्यकर्तालाई निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, "पुनःस्थापित हुने संसदले सर्वदलीय सहमतिको सरकार बनाउने, त्यसले जेनजी लगायतका असन्तुष्ट पक्षसँग वार्ता गर्ने, त्यसको आधारमा संविधान संशोधन गर्ने, आवधिक चुनाव गर्ने र निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने, यो कोर्सबाट अघि बढ्दा मुलुकले वर्तमान अवस्थाबाट निकास पाउँछ भन्ने हाम्रो पार्टीको धारणा हो ।"

भदौ २३ र २४ गतेको जेनजी पुस्ताको शान्तिपूर्ण प्रदर्शनमा घुसपैठ गरी योजनाबद्ध रुपमा मुलुकलाई कमजोर बनाउने गरी विध्वंसात्मक गतिविधि गरिएको बताउँदै एमाले उपमहासचिव ज्ञवालीले केही पात्रहरु संविधान र लोकतन्त्र समाप्त पाने खेलमा लागिरहेको जिकिर गर्नुभयो । एमालेले महाधिवेसन तोकिसके काले अब नेतृत्वको विषयमा महाधिवेशनले नै टुंगो लगाउने उहाँले स्पष्ट पार्नुभयो ।

डा. निकोलस भुसालले कात्तिक १६ गतेबाट अर्को विद्रोह सुरु हुने भन्दै सरकारसामु जेनजीको माग पूरा गर्न चेतावनी दिनु भएको छ ।

शनिबार एक कार्यक्रमको आयोजना गरी उहाँले अन्तिम विद्रोहको तयारी पूरा भएको भन्दै जेनजीका माग पूरा नभए अर्को सरकार गठन गर्ने बताउनु भएको हो ।

'हामीले १६ गतेदेखि अन्तिम विद्रोह, अन्तिम क्रान्ति गर्दैछौं । त्यो रहरले हैन, कहरले हो । अहिलेको प्रधानमन्त्री, गृहमन्त्री तपाईंहरुले हिम्मत गरेर शान्ति सुरक्षा कायम गर्नु पर्छ ।

आजबाट विद्यालयहरु ....

वर्षहरुमा दशै तिहारको बिचमा पठन पाठन हुन्थ्यो । डोल्पाका बालमन्दिर आधारभुत विद्यालय सहित केही विद्यालयहरु भने दश तिहारको बिचमा खुले ता पनि विधार्थीहरुको उपस्थिति नभए पछि पठनपाठन तेति राम्रो नभएको जनाइएको छ । डोल्पाको माथिल्लो भेगका सामुदायिक विद्यालयहरु भने चिसो हवापानिका कारणले मंसिर देखि फाल्गुण सम्म बन्द रहने र चैतको पहिलो सातादेखि पठनपाठन गर्ने गरेको डोल्पोबुद्ध गाँउपालिकाले जनाएको छ ।

विकासका कामले .. ....

हुँदा केही समस्या आएको, निर्माणका लागि विभिन्न ठेक्का पनि खुलेर निर्माणका लागि कार्यादेश पाइसक्दा पनि निर्माण व्यवसायीहरुले बिदाका कारण कामदार, निर्माण सामग्री लगायतका विभिन्न समस्याले गर्दा केही सुस्त भएका निर्माणका कामहरुले तिब्रता पाउने आशा स्थानीयहरुले गरेका छन् ।

चाडपर्व सकिए पछि चाडपर्व मान्न घर गएका कामदारहरु, डोजर चालक हरु र निर्माण सामग्री विक्रेताहरु फर्कने क्रम सुरु भएको र अबको केही दिन भित्र निर्माणका कामहरुले तिब्रता पाउने जिल्ला स्थित सामाजिक संस्था हरुले समेत बताएका छन् ।

यति बेलासम्म निर्माणका काम भएनन् भन्नु पर्ने अवस्था भएको छैन । किन की यो आर्थिक वर्ष सुरु भएको चौथो महिना मात्र सुरु भएको छ । यो हप्तादेखि निर्माणका कामलाई तिब्रता दिइयो भने विकास योजनाहरु सहजै सम्पन्न हुने मात्र होइन पर्याप्त समय हुने भएकाले निर्माण काम समेत गुणष्तार हुने भएकाले ढिला नगरी कामलाई तिब्र रुपमा संचालन गर्नु पर्ने जिल्ला समन्वय समिति डोल्पाले जनाएको छ ।

तिहार पछि ....

भरिएर गन्तव्य तर्फ हिडेको जनाइएको छ । यसका साथै लामा छोटा दुरिमा चल्ने यातायातका साधनहरु सहज रुपमा संचालनमा आएका जनाइएको छ ।

चाडपर्व रमाइलो र ... .

दिन गाई तिहार, गोरु तिहार तथा म्ह पुजा र तिहारको अन्तिम दिन भाईपुजा तथा भाईटिका गरिन्छ ।

तिहार तथा यमपञ्चकलाई नेपालीहरुले विशेष रुपमा मनाउने गर्दछन् । यस प्रकार नेपालीहरुले मनाउने यो तिहारमा दिदीबहिनी र दाजुभाईका बिचमा निकै अपनत्व बढेको पाइन्छ । यसले समाजमा खेलिने देउसी भैलोले समाजलाई र माइलो बनाउनुका साथै समाजलाई आपसी सम्बन्धलाई सुमधुर बनाउन सहयोग पुर्‍याएको पाइन्छ । यो तिहार का जस्तै अन्य चाडपर्वले पनि समुदाय समुदायका बिचमा राम्रो सम्बन्ध बनाइ राख्न सहयोग पुग्ने गरेको छ ।

नेपालीहरुले मनाउने विभिन्न चाडपर्वहरु मध्ये रमाइलो चाडपर्वका रुपमा परिचित तिहार २०८२ भाइटिका सँगै भखैरै सम्पन्न भएको छ ।

तिहारमा नेपालीहरुले प्रकृतिका विभिन्न प्राणीहरुको पुजा गरेर मनाउने गरिन्छ । यस क्रममा मानिसहरुलाई आयु पुगेका बेला मृत्यु गरेर लैजाने यमराजको पुजा हुन्छ। यमपञ्चकका रुपमा समेत चिनिने तिहारको पहिलो दिन काग तिहार, दोस्रो दिन कुकुर तिहार, तेस्रो दिन लक्ष्मी पुजा तथा गाई तिहार, चौथो दिन गोवर्धन तथा गोरु पुजा र म्ह पुजा यमपञ्चकको अन्तिम पाँचौ दिन भाई तिहार तथा भाई पुजा गरेर तिहार सम्पन्न हुने गर्दछ ।

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा

- ❖पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- ❖दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- ❖त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- ❖जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।

त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आइबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: वीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

जिम्मेवारी लिनु पर्छ

सबै भन्छन् राम्रो काम सबै आफूले गरेको हो । तर काम बिग्र्यो भने अरुले गर्दा हो । मेरो यति भुलचुकले देशका लागि यति समस्या भयो भन्ने कोही देखिदैन । त्यस कारण सबैले जिम्मेवारी लिने परम्परा बस्नु पर्छ । देशमा राम्रो काम गर्नेलाई नागरिकहरुले पनि सच्चा मनले सपोर्ट गर्न नसक्नु, हावा हल्ला पछि लागेर साँचो कुरालाई साथ र सहयोग दिन नसक्नु नै हाम्रो देशको दुर्भाग्य हो । अझ भन्ने हो भने नराम्रो काम गर्नेको कार्यमा विरोध गर्न नसक्नु झनै समस्या हो । यहाँ अन्धभक्त भएर नराम्रोलाई राम्रो र राम्रो कामलाई नराम्रो भन्ने गलत प्रवृति हावी हुनु भनेकै नराम्रो संस्कार हो भन्ने लाग्छ । साँच्चै देशको विकास र परिवर्तन गर्ने हो भने अरुले चलाएको हल्लामा भन्दा आफैले के सत्य हो बुझेर मात्र सही रुपमा साथ र समर्थन गर्नु आवश्यक छ ।

हाम्रो देशलाई विकासोन्मुखबाट विकासशीलमा विकास गर्नका लागि जुन अहिलेको प्रवृत्ति छ त्यो पुरै सुधार हुनु आवश्यक छ । अहिले हामीले देखिरहेका छौं । कसैले जिम्मेवारी लिने पक्षमा छैनन् । सबै अरुकै भरमा चलेको, पैसा सबै थोक हो राज्य, हाम्रो अपनत्व, राष्ट्र राष्ट्रियता भाँड मै जाओस भन्ने गरी राज्यका संयन्त्र चलेको जस्तो भान हुन्छ । सम्बन्धित निकायमा कार्यरत जनशक्ति यति धेरै गैरजिम्मेवार बनेको जस्तो लाग्छ की भोलीको कुनै चिन्ता छैन की देश जता जाओस, जे होस् कुनै वास्ता छैन, केवल आफूलाई के फाइदा हुन्छ भन्ने कार्य मात्र गरेको जस्तो नागरिकहरुलाई लाग्छ । गलत कार्यलाई सुधार गरु होइन उसले गलत गर्दा केही नभन्ने मैले सानो कुरा गल्ति गर्दा तीललाई पहाड बनाउने भनेर राष्ट्र सेवकहरुले लिएको पाइन्छ । उता नेता तथा जनप्रतिनिधिहरुले कस्तो नीति निर्माण गर्यौं, कस्तो कार्य प्रणालीका लागि स्थायी सरकार भनिने कर्मचारीतन्त्रलाई चल्न सहयोग गर्यौं त्यो सोच विचारमा कोही लागेको देखिदैन । केवल एकले अर्कोलाई दोषारोपन गरेको मात्र देखिन्छ । यसले के देखाउछ भने आफूले गरेको कामको जिम्मेवारी लिन कोही पनि अघि सरेको देखिदैन दोष भरी अर्कोको टाउकोमा थोपर्ने बानी नै चलेको छ । हामी नेपालीहरुमा यही हो यथार्थ । यो नागरिकमा पनि लागु हुन्छ ।

जे जस्तो भए पनि जो जसले काम गरेको हो त्यो काम गर्नेले जिम्मेवारी लिनु पर्छ । परिणाम जस्तो आओस्, राम्रो वा नराम्रो त्यसको परिणाम अनुसार जिम्मेवारी लिनु पर्ने कानुन बन्नु पर्छ, काम सुरु गरे पछि सम्पन्न नगरुन्जेल काममा लागेकालाई त्यही काममा लगाउनु पर्छ, काम राम्रो भए अगाडि बढ्न सरकारले सहयोग र काम राम्रो भएन तथा काम बिग्रेमा जिम्मेवार बनाएर जिम्मेवारीबाट हटाउने तथा सरुवा घटुवा गर्ने कार्यजिम्मेवारी बन्नु पर्छ । कसैले उजुरी गरे पछि मात्रै गल्तिकमजोरी गर्ने उपर कारवाही हुने नत्र सम्बन्धित निकायले केही कदम नचाल्ने अहिलेको परम्परा तथा कानुन दण्डहिनतालाई प्रसय दिने खालको बन्नु हुदैन । त्यस कारण चाहे स्थायी सरकार मानिने कर्मचारी तन्त्र होस् या जनप्रतिनिधिहरु नै किन नहोस् उसको काम कर्तव्य अधिकार के हो त्यसमा पुरै जिम्मेवार बनाइनु पर्छ, राम्रो भए पुरस्कृत र नराम्रो भए दण्डको भागिदार हुने कानुन बन्नु पर्छ ।

गागलफेदी

रामेश्वर फुयाल
गोरखापत्रबाट

.....
दुश्मन शक्ति बजायो
जनमा जन थपियो वन्यो जनसागर
दुश्मन बौलाए
चम्कन थाल्यो आकाश

घाइतेहरुको ऐया ऐया
प्रशासकको स्वरमा खबरदार
उठे जनता प्रतिरोधमा शान्तिका लागि
फेरियो गागलफेदी युद्ध मैदान

उठाए जनताले भ्रष्टहरुलाई हराउ लहर
जागे सुतेकाहरु
राजनीति आफ्नो बोकेर
गयो वैशाख २९, २०४२
न्याय प्राप्तिका लागि प्रतिरोधको सन्देश दिएर ।

शरदले नुहाएपछि

सिजन श्रेष्ठ
रातोपाटीबाट

उज्यालोको वर्षामा
शरदले नुहाएपछि
स्वर्गभन्दा बेहद सुन्दर
र, भव्य भयो पृथ्वी ।

पाँच दिनको छुट्टी लिएर
स्वर्गबाट धरतीमा ओर्लिए यमराज
दियोका उज्यालाहरूमा सुस्ताए क्षणभर
र, मनाए सुखरात्री ।

समाचार ल्याएको बदलामा कागलाई,
सुरक्षा गरेको बदलामा कुकुरलाई,
गाईलाई अमृत दिएको बदलामा,

गोरुलाई जमिन जोतेर अन्न उब्जाइदिएको बदलामा
प्रेमको दुबो र हार्दिकताको फूलअक्षताले
बडो सम्मानका साथ पुजे मानिसहरूले ।

बदलामा ती सबै मानिसहरूलाई
दीर्घायुको आशीर्वाद दिए यमराजले ।

भाइटीकामा सप्तरङ्गी टीका,
सयपत्री र मखमलीको माला लगाएर
यमराजले खेले- कौडा र पासा
र, सिकाए मानिसहरूलाई हारजितको अर्थ र महत्त्व

'देउसी रे' भट्टयाउँदै यमराजले खेले
मानिसहरूसँग देउसीभैलो
टेके हरियो गोबरले लिपेका थुप्रै आँगन र दैलोहरू

साटे आकाशभन्दा फराकिलो प्रेम र आत्मीयताको वैभव
उल्लासले खुब खाए, खुब गाए, खुब नाचे र रमाए औधी ।

यमपञ्चकको अन्तिम रात
अँध्यारोको वर्षामा
शरदले नुहाएपछि
एक्कासि
पृथ्वीभन्दा बेहद सुन्दर

र, भव्य देखियो स्वर्ग
त्यसपछि कसैलाई थाहै नदिई
एक्लै स्वर्गतिर लागे यमराज
र खुरुखुरु ओसार्न थाले
- अघि आफैंले दीर्घायुको आशीर्वाद दिएका मानिसहरूलाई ।

खेलकुद

महिला फुटबल प्रतियोगिताको तयारी

रासस

झापा, कात्तिक । यही कात्तिक १५ देखि २२ गतेसम्म यहाँ हुने अन्तरर ाष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगिताको तयारी धमाधम भइरहे को छ ।

आयोजक समितिका अध्यक्ष सन्तोष थोप्राले नवनिर्मित शिवसताक्षी नगर पालिकाको दुधे रङ्गशालामा प्रतियो गिता सञ्चालन हुने प्रतियोगिताको तयारीका क्रममा खेलमैदानको घाँस काट्ने र प्यारापिट सजाउने कार्य भइरहेको बताउनुभयो । उहाँले र ङ्गशालाको प्यारापिटमा ३०० जना लाई बस्नका लागि प्लास्टिकका कुर्सी जडान भइरहेको बताउनुभयो ।

शिवसताक्षी नगरपालिका प्रमुख मेगाहाङ थोप्राले प्रतियोगिता सञ्चालनका लागि रङ्गशालाको पक्की प्यारापिटलगायत भौतिक निर्माणका काम द्रुतगतिमा भएको बताउनुभयो । झापाको इतिहासमा पहिलोपटक अन्तरराष्ट्रिय गोल्डकप प्रतियोगिता सञ्चालन हुन लागेकाले यसलाई भव्य रूपमा सम्पन्न गर्न सबैले सहयो ग गरिरहेको उहाँले बताउनुभयो ।

प्रतियोगिता सञ्चालनका लागि रु एक करोड खर्च हुने अनुमान गरिएको छ । प्रतियोगितामा त्रिभुवन आर्मी, एपिएफ, नेपाल पुलिस क्लब, अन्य तीन वटा ए-डिभिजन क्लब र भारत, भूटानलगायतका देशका टोलीहरू सहभागी हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेता टोली(लाई रु १० लाख र उपविजेतालाई रु पाँच लाख पुरस्कार रहेको छ ।

निर्वाचनका निम्ति मतदाता शिक्षा

- डा. अर्जुनकुमार खड्का

..... पर्न सक्ने अवस्था रहन्छ । मतदान शिक्षा आधारभूत मानव अधिकार तथा मतदान अधिकार, मतदाताको भूमिका एवं निर्वाचन र लोकतन्त्रबिचको सम्बन्ध जस्ता अवधारणासँग पनि सम्बन्धित छ । लोकतान्त्रिक निर्वाचनका लागि आव श्यक सर्तहरू, मतपत्रको गोपनीयता, प्रत्येक मत महत्वपूर्ण छ र सार्वजनिक जवाफदेहितामा यसको प्रभाव एवं मतदाताले दिएका मत कसरी सिटमा परिणत हुन्छ भन्ने कुरालाई पनि यसै का माध्यमबाट जानकारी गराउन सकिन्छ । मतदाता शिक्षाका मा ध्यमबाटै विद्युतीय मतदान प्रक्रियामा पूर्ण रूपमा सहभागी हुन मतदातालाई प्रोत्साहित गर्न र मतदानका लागि तयार गर्न सक्ने अवस्था पनि रहन्छ । मतदाता शिक्षामा मुख्य गरेर चार वटा सिद्धान्त रहेका छन् । पहिलो, लोकता न्त्रिक प्रक्रियाप्रति सच्चा रहन सुनि श्चित गर्ने । दोस्रो, योग्य मतदाताको सार्वभौमिक अधिकारको सदुपयोग गने , जसले गर्दा योग्य मतदाता, धनी वा गरिब, युवा वा वृद्ध, पुरुष वा महिला लगायत सहरी तथा ग्रामीण सबैले मतदाता शिक्षाबाट लाभान्वित हुन पाउनुपर्ने अवस्था सिर्जना हुन्छ । यसै गरी निर्वाचनमा कुनै वर्ग विशेष वा जातजातिलाई भेदभाव गर्न नहुने । तेस्रो, मतदाता शिक्षाले सधैँ निष्पक्ष र हन ध्यान दिनुपर्ने अवस्था रहन्छ । यो अवस्था अनिवार्य छ र यसको पालना गरेमा सफल भविष्यको समर्थनलाई सकारात्मक सहयोग पुग्ने छ । सूचना वा टिप्पणीहरू कुनै निश्चित पार्टी वा चुनावी प्रक्रियाको पक्षपाती हुनुहुँदैन । निष्पक्षताले कार्यक्रमहरू विश्वसनीय रहिरहन र नागरिक समाजले लोकतान्त्रिक प्रक्रियालाई समर्थन गर्न सक्ने अवस्था रहन्छ । चौ थो, सिद्धान्तमा स्पष्टता, यसले कुनै पनि मतदाता शिक्षा अभियानको सन्दे श आममानिसलाई स्पष्ट र बुझ्ने खालको हुनु पर्छ । विशेष गरी स्थानीय भाषामा र एक माध्यममार्फत प्रदान गरिनु पर्छ, जसले बुझ्ने सुविधा दिन्छ । कठिन आवधारणालाई सरल शब्दमा व्याख्या गर्नु पर्छ । यसबाहेक मतदाता शिक्षामा निश्चित लक्षित दर्शक छन् किनभने लक्षित दर्शक स्थापना गर्न महत्वपूर्ण छ ताकि यसले दर्शकबारे जान्न र तिनीहरूलाई राम्रोसँग सम्बो धन गर्न शिक्षा विधिहरू तयार गर्न सक्ने अवस्था रहोस् । यसबाहेक मत दाता शिक्षामा निश्चित लक्षित वर्ग वा समुदायबारे जान्न सक्ने विधि तयार गर्नुपर्ने हुन्छ ।

मतदाताको संवैधानिक हक

मतदाता शिक्षाको जानकारी पाउनु प्रत्येक मतदाताको संवैधानिक हक हो । अर्कोतर्फ मानव अधिकारको अभिन्न पाटो पनि हो । मतदाता शिक्षाको माध्यमबाटै निर्वाचन सफल र लो कतान्त्रिक हुनका लागि मतदाताले आफ्नो अधिकार र जिम्मेवारी बुझ्न सक्ने अवस्था रहन्छ । यसले गर्दा नै सबै मतदाता कानुनी रूपमा वै ध तवरले स्वतन्त्र, निष्पक्ष तथा भयर हित अवस्थामा मतदान गर्न र मत दान प्रक्रियामा निर्णायक एवं अर्थपूर्ण अवस्थामा भाग लिन पर्याप्त जानकार हुन सक्नुका साथै मतपत्र बदर हुने अवस्थामा पनि कमी आउन सक्ने वातावरण सिर्जना हुन सक्छ ।

व्यवहारमा मतदाता शिक्षाले निर्वाचन प्रक्रियासँग सम्बन्धित आधारभूत ज्ञान तथा निर्वाचनबारे जानकारी मूलक सन्देश प्रवाह गर्ने कार्य नै हो । यसले सामान्यतया मतदाताको उमेर, जनसङ्ख्याको उद्देश्य, निर्वाचन प्रक्रियालगायत निर्वाचनसँग सम्बन्धित अन्य विविध पक्षका ... (गोपवाट)

संस्कृति, कला, बाल संशार



भाईटिका लगाएर रमाउदै विदेशीहरु पर्यटकहरु ।

भयरहित निर्वाचन गराउन प्रतिवद्धता

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक । प्रधानमन्त्री सुशीला कार्कीले आगामी २१ फागुनका लागि तोकिएको निर्वाचनमा सहकार्य गर्न अपिल गनु भएको छ । मंगलवार ललितपुरमा नेपाल संवत् ११४६ को अवसरमा आयोजित कार्यक्रममलाई सम्बोधन गर्ने क्रममा उहाँले यस्तो अपिल गर्नु भएको हो ।

नेपाली जनतालाई मताधिकार प्रयो ग गर्ने वातावरण बनाउन सरकार कटिबद्ध भएको बताउँदै उहाँले सचेत नागरिकको भूमिका निर्वाह गर्नसमेत आग्रह गर्नु भएको छ ।

'सरकारसँग नेपालको संविधानको अधीनमा रही जेनजी आन्दोलनको सुशासनको आवाजलाई सम्बोधन गर्नुपर्ने दायित्व रहेको छ । यसका लागि समाजका सबै तह, तप्का र वर्ग समुदायको उत्तिकै भूमिका हुन्छ । आउनुहोस्, यसमा सहकार्य गरौं र सचेत नागरिकको भूमिका निर्वाह गरौ ँ,' उहाँले भन्नु भएको छ, 'लोकता न्त्रिक सबलीकरण, आर्थिक समृद्धि र नागरिक अधिकारको रक्षा गर्न आगामी फागुन २१ गते हुने निर्वाचनमा भयर हित ढंगले नेपाली जनतालाई मता धिकार प्रयोग गर्ने वातावरण बनाउन सरकार कटिबद्ध छ ।'

उहाँले सबै राजनीतिक दल, वर्ग, समूहको साथ र सहयोग रहनेछ भन्ने मा विश्वस्त रहेको बताउनु भएको छ । उहाँले राष्ट्रिय विभूति शंखधर साख्वाले देखाएको सामाजिक एकता, त्याग र मानवीयताको बाटोमा हिँड्न हामी सबैलाई प्रेरणा मिलोस् भन्दै शुभकामना दिनु भएको छ ।

११४६ वर्षअघि, राजा राघवदेवको शासनकालमा शंखधरले गरिबी र ऋणमा डुबेका नागरिकहरूको ऋणमो चन गरिदिएका थिए । ऋणको भार बाट पीडित जनतालाई मुक्त गर्ने त्यो ऐतिहासिक निर्णय भएको प्रधानमन्त्री कार्कीले भन्ने भएको छ ।

सामान्य ज्ञान ०६

१. 'कल्प' महाकाव्यका सर्जक को हुन् ?

- डा. नवराज लम्साल (विसं २०८२ भाद्र २० मा विमोचित)

२. मुस्ताङको कोरला नाका व्यावसायिक रूपमा पहिलो पटक कहिलेदेखि सञ्चालनमा आएको हो ?

- विसं २०८२ भदौ २३

- यसअघि सिजनल रूपमा मुस्ताङका स्थानीयवासीलाई लक्षित गर्दै उक्त नाका सञ्चालन हुने गरेको थियो ।

३. सगरमाथा वृक्षरोपण महाअभियान कहिलेदेखि सुरु भएको हो ?

- विसं २०८२ असार १४ (राष्ट्रिय वृक्षरोपण दिवसका अवसरमा)

- महाअभियानका क्रममा हरेक वर्ष तीन करोड बिरुवा २० वर्षसम्म निरन्तर रोपण गरिने ।

- सरकारले आगामी वर्षदेखि एकमहिने वृक्षरोपण अभियान चलाउने निर्णय गरेको ।

- यस अभियानले कार्बन उत्सर्जन कम गर्ने, हिमालय र जैविक विविधताको संरक्षण गर्ने लक्ष्य राखेको ।

- यस अभियानमा सङ्घ, प्रदेश र स्थानीय सरकारको सहभागिता रहने र यसलाई राष्ट्रिय पर्वका रूपमा मनाइने भएको ।

४. संयुक्त राष्ट्रसङ्घद्वारा कुन वर्षलाई अन्तर्राष्ट्रिय धान वर्षका रूपमा मनाइएको हो ?

- सन् २००४

तिहारको सामाजिक महत्व

- डा. गोविन्द टण्डन

कवि शिरोमणि लेखनाथ पौडेलले तिहारको सौन्दर्य र महत्वलाई सटिक रूपमा व्यक्त गरेका छन् "सुखमय पारी सब संसार, आयो प्यारो चाड तिहार !" शरद्-उत्सवको यो पर्व ने पालीको मन र आँगनमा उमङ्ग, प्रेम र उज्यालोको सन्देश लिएर आइपुग्छ । अन्त बाली स्याहारेर वर्षाको समाप्ति पछि धुमधामसँग मनाइने तिहारको स्वागत घरको लिपपोत, बाटो-घाटो को सरसफाइ र मर्मत, मठमन्दिरमा सजावट आदिले गरिरहेको भान हुन्छ । तिहार, जसलाई दीपावली, यमपञ्चक भनिन्छ, कात्तिककृष्ण त्रयोदशीदेखि कार्त्तिकशुक्ल द्वितीया अर्थात् पाँच दिनसम्म मनाइने यो पर्व सांस्कृतिक सामाजिक र आध्यात्मिक महोत्सव हो । नेवारी भाषामा 'स्वन्ती' अर्थात् तीन दिने चाड भनेर म्हपूजा, लक्ष्मीपूजा र भाइ पूजालाई महत्व दिएको देखिन्छ । हिमाल, पहाड, तराईदेखि विश्वभर छरिएका नेपाली डायस्पोरासम्म यो पर्वले सुख, शान्ति र समृद्धिको सन्दे श बोकेर पुग्छ । नेवारी समुदायको ' म्हःपूजा' र तिहारको छ दिनपछि तर াईको छठ पर्वले तिहारको माहोललाई थप भव्य र समावेशी बनाउँछ । वै दिक, बौद्ध, जैन, सिख समुदायमा समे त यो पर्व उल्लासमय रूपमा मना इन्छ । बेलायत, अमेरिका, अस्ट्रेलिया जस्ता देशमा राष्ट्रप्रमुखले दीपावली विशेष कार्यक्रम आयोजना गर्न थाले को बर्सौं भइसकेको छ, जसले तिहार को विश्वव्यापी महत्व र सांस्कृतिक पहिचानलाई उजागर गर्छ ।

नेपालीको 'तिहार' शब्द जस्तै हिन्दी, गुजराती भाषामा 'त्योहार' वा 'त्यौ हार' शब्द निकै चलनचल्तीमा छ । उता त्यौहारको अर्थ तिथि अनुसारको दिन वा उत्सव भन्ने सामान्य अर्थमा जुनसुकै पर्व-उत्सवमा व्यवहृत हुन्छ भने नेपालीमा यमपञ्चकसहितको दीपावली भन्ने अर्थमा चलनचल्तीमा छ । यद्यपि यी दुवै शब्दको उत्पत्ति संस्कृतको 'तिथि+वार' कालान्तर मा 'तेवार,' 'तिहिवार' हुँदै नेपालीमा तिहार बन्न पुगेको देखिन्छ ।

सांस्कृतिक सौन्दर्य र सामाजिक एकता

तिहार उज्यालोको पर्व हो, जसले बाह्य जगत् र अन्तर्हृदय दुवैलाई प्रकाशित गर्छ भन्ने मान्यता राखिएको पाइन्छन् । पद्मपुराणले दीपावलीलाई वैदिक यज्ञ अग्निहोत्रको निरन्तरताको रूपमा जोडेको छ । त्यहाँ दीपावली लाई अन्धकारमाथिको विजय, अज्ञा नताको नाश र समृद्धिको प्रतीकको रूपमा वर्णन गरिएको छ । शास्त्रहरूले भन्छन: "ॐ असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्न्मा अमृतं गमय" -असत्यबाट सत्य, अन धकारबाट उज्यालो, मृत्युबाट अमर तातिर । तिहार यो मन्त्रको जीवन्त रूप हो, जसले ज्ञान, प्रेम, सौहार्द र आत्मिक जागरणको सन्देश दिन्छ । प्राचीन कालदेखि दीपप्रज्वलनको पर म्पराले वैदिक कार्यहरूमा अपरि हार्य स्थान पाएको छ । घर, मठ मन्दिर, चैत्य, ढुङ्गेधारा, पाटीपौवामा दीप बालेर सजाउने चलनले तिहार लाई सांस्कृतिक सौन्दर्य प्रदान गर्छ । गाउँ टोल, छरछिमेक एकजुट भएर गाउँठाउँ सरसफाइ र सजावट गने उत्साहले तिहारलाई सामुदायिक पर्व बनायो । आधुनिकताको प्रभाव र रो जगारीका लागि युवाहरूको विदेश पलायनले यो परम्परामा केही सुस्तता नआएको होइन, आएको छ । तैपनि तिहारको रौनकले सामाजिक एकता र सांस्कृतिक निरन्तरताको भावनालाई जीवन्त राखेको छ ।

पशुपन्छी र प्रकृतिप्रतिको कृतज्ञता

तिहारको पहिलो दिन काग तिहार, प्रकृतिसँगको प्राचीन संवादको स्मृति हो । उहिले कागलाई समाचारवाहक मानिन्थ्यो; यसको बोली र हाउभाउले शुभ अशुभको सङ्केत दिन्थ्यो । "सुबो ल सुबोल, भलो-भलो समाचार ले" भन्दै दुनाबोतामा दालभात, तरकारी र पक्वान्न राखेर कागलाई समर्पित गर्ने चलनले पशुपक्षीप्रति कृतज्ञता दर्शाउँछ । कागले फोहोर खाएर वातावरण शुद्ध गर्छ र बिहानै सबैरै आफ्नो काममा सक्रिय भई साँझ ठिक समयमा गुँडमा फर्कने दिनचर्याले अनुशासनको पाठ सिकाउँछ । दोस्रो दिन, कुकुर तिहारमा यमराजका दूत मानिने कुकुरको पूजा हुन्छ । कुकुरको बफादारी र संरक्षक स्वभावले मानव पशु सहअस्तित्वको महत्व उजागर गर्छ । प्राकृतिक विपत्मा कुकुरले मानव प्राणरक्षा गरेको उदाहरण विश्वभर प्रख्यात छ । यमदीप दानको यो दिनले यमयातनाबाट मुक्ति दिन्छ भन्ने विश्वास छ, जसले पशुहरूको सम्मानलाई आध्यात्मिक आयाम दिन्छ । यो पर्व उत्सवमा मात्रै होइन सदैव हुनुपर्ने अपेक्षाको सङ्केत पनि यसभित्र समाहित छ ।

लक्ष्मीपूजा : समृद्धिको झिलिमिली

तेस्रो दिन हुने लक्ष्मीपूजा, धन र ऐ श्वर्यकी देवीको आराधना हो । आँगन मा रङ्गी-विरङ्गी मण्डल, सयपत्री, मखमली र गोदावरी फूलहरूले सजिएको घर, अन्धकारमाथि उज्यालो को विजयको प्रतीक बन्छ । परम्परा गत रूपमा माटोको पालामा तोरीको तेल र धागोको बत्तीले उज्यालो गरि न्थ्यो; आज विद्युतीय मालाले यो पर म्परालाई आधुनिक रूप रङ दिएको छ । पौराणिक कथामा, नरकचतुर्दशीमा भगवान् कृष्णले नरकासुरको वध गरेर संसारलाई मुक्ति दिएका थिए, यसै को स्मरणमा दीपावली मनाइन्छ भन्ने पनि कतै कतै चर्चा पाइन्छ । यो दिन बिहान तेल लगाएर नुहाउने चलनले शारीरिक र मानसिक .....(गोपबाट)

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

निर्वाचन आयोग, नेपाल

जिल्ला निर्वाचन कार्यालय

डोल्पा

पत्र सङ्ख्या :- २०८२।८३ मिति :- २०८२।०६।२०

चलानी नम्बर :- ने.सं. :- ११४५कौलाख्व तृतिय

जिल्ला निर्वाचन कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा निर्वाचन आयोग नेपालको मिति २०८२ साल असोज ०९ गतेको निर्णय बमोजिम पुन छुट मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यक्रम यहि मिति २०८२ साल कात्तिक ३० गते सम्म सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

- नयाँ मतदाता नामावली दर्ताको लागि सक्कल नागरिकता र नागरिकतामा भएको स्थायी ठेगाना बाहेक अन्यत्र मतदाता नामावली दर्ता गर्नु परेमा बसाइ सराइ भएमा बसाइ सराइको सक्कल प्रमाण पत्र र बिवाह दर्ता भएमा बिवाह दर्ताको सक्कल प्रमाण पत्र समेत लिएर स्वयम् व्यक्ति निर्वाचन कार्यालयमा आउनु पर्नेछ ।
- मतदाता नामावली अद्यावधिकको लागि निर्वाचन कार्यालयमा उपस्थित भएर वा www.election.gov.np मार्फत आवश्यक प्रमाणपत्र सहित Online आवेदन दिन सकिने छ ।

थप जानकारीको लागि
सम्पर्क नम्बर :- ०८७५४०१३७
९८५८३९०१३७
जिल्ला निर्वाचन कार्यालय डोल्पा

(श्यामकुमार राई)
निमित्त जिल्ला निर्वाचन अधिकारी

स्थानीय तहको सेवा प्रवाहमा प्रश्न

- सुरभी रिजाल

प्रशासनिक सेवा प्रभावकारी बनाउन स्थानीय तहमा राजनीतिक हस्तक्षे परहित कर्मचारी नियुक्ति, सरुवा र बढुवा गरिनु पर्छ । दक्षता र यो ग्यताका आधारमा गरिएको कर्मचारी नियुक्तिले जनतामा स्थानीय सरकार प्रति विश्वासको भावना वृद्धि गर्दै सर कारी निकायसँग सहकार्य गर्ने इच्छा जगाउँछ ।

सङ्घीयता विश्वव्यापी प्रचलित शासन प्रणाली हो, जसलाई लोकतन्त्रको प्रयो गशाला मानिन्छ । सङ्घीय राज्यमा के न्द्रमा रहेको समग्र अधिकार एवं सत्ता, शक्ति र स्रोत तल्लो निकायसम्म विके न्द्रित गरिएको हुन्छ । नेपालमा लामो समयसम्म केन्द्रीकृत शासन व्यवस्था चल्दै आएको थियो जहाँ राज्यको सम्पूर्ण अधिकार केन्द्रमा निहित थियो । स्थानीय निकायले केन्द्रको अधीन मा केन्द्रले स्वीकृति दिएको अधिकार र सीमाभित्र बसेर काम गर्नु पथ्यो । स्थानीय सशक्तीकरण र स्वायत्त शासनको अभ्यास देश र जनताका लागि सपना जस्तो थियो । आज मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक रा ज्यका रूपमा स्थापित छ । संविधानले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । यी तीन वटै तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ ।

स्थानीय तह जनतासँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन् । स्थानीय समस्याको समाधान जनताबाट निर्वाचित जनप्रतिनिधिबाट होस् र जनताले घर घरमा सिंहदरबार पुगेको अनुभव गरून् भन्ने उद्देश्यले नै ७ सय ५३ स्थानीय तह गठन गरिएका हुन् । जसलाई संविधानले नै कानुन बनाउन पाउने, विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, आय सिर्जना गर्ने, आयआर्जन गर्ने, कर तथा सेवा शुल्क लगाउन पाउने, बजेट विनियोजन गर्न सक्ने जस्ता महत्वपूर्ण अधिकार दिए को छ ।

स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तहबिचको सहकारि ता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पार दर्शिता सुनिश्चित गरी गुणस्तरीय से वा प्रवाह गर्ने उद्देश्यले स्थानीय सर कार सञ्चालन ऐन २०७४ जारी गरि यो । उक्त ऐनले स्थानीय तहको विधा यिकी कार्य, कार्यपालिकीय कार्य तथा न्यायिक कार्यबारे विभिन्न व्यवस्था गरेको छ । संविधानले स्थानीय तह लाई आफ्नो एकल अधिकार क्षेत्रका विषयमा कानुन बनाउने अधिकार प्रदान गरेको छ ।

स्थानीय तहमा कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न न्यायिक समिति रहने व्यवस्था गरिएको छ । उल्लिखित उद्देश्य पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐ न, २०७४ ले न्यायिक समिति लाई दुई प्रकारका न्यायिक अधिकार प्रदान गरेको छ, विवाद निरूपण गर्ने र मे लमिलापको माध्यमबाट मात्र विवाद को निरूपण गर्ने अधिकार । गाउँपा लिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन हुने गर्छ । न्यायिक समिति गठन गर्नुको मुख्य उद्देश्य स्थानीयस्तरमै न्यायसम्पादनको कार्य सरल, सुलभ, कम खर्चिलो र प्रभावकारी होस् भन्ने हो । दुर्गम क्षेत्रका नागरिक, आर्थिक रूपमा कमजोर तथा सीमान्तकृत समुदायलाई न्यायिक समितिले न्याय को पहुँचमा ल्याउने काम गर्छ ।

सङ्घीयताको अर्को आधारभूत पक्ष भने को वित्तीय सङ्घीयता हो । वित्तीय सङ्घीयताले सङ्घ, प्रदेश र स्थानीय सरकारबिच आर्थिक स्रोतको बाँड फाँट, कर शक्तिको वितरण र वित्तीय व्यवस्थापनको कार्यविभाजनको विषय लाई चित्रण गर्छ । सङ्घ प्रदेश र स्था नीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतबाट राजस्व उठाउन सक्ने व्यवस्था संविधानले नै गरेको छ । संविधानको अनुसूची ८ ले स्थानीय तहलाई कर (सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत) दण्ड, जरि बाना, मनोरञ्जन कर र मालपोत सङ्कलन जस्ता राजस्व अधिकार दिए को छ ।

कार्य जिम्मेवारी बाँडफाँट अर्थात् कुन तहको सरकारले के काम गने भन्ने सन्दर्भमा स्थानीय सरकारको एकल अधिकार संविधानको अनुसूची ८ मा समावेश गरिएको छ । सङ्घ, प्रदे श र स्थानीय तहको साझा अधिकार अनुसूची ९ मा व्यवस्था गरिएको छ । उक्त अनुसूचीबमोजिम स्थानीय सर कारले आफ्नो कार्य जिम्मेवारी निर्वाह गर्छ । स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा स्थानी य सञ्चित कोषको व्यवस्था गरिएको छ । गाउँपालिका र नगरपालिकालाई प्राप्त हुने राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा लिएको ऋण रकम र अन्य स्रो तबाट प्राप्त हुने रकम यही सञ्चित कोषमा जम्मा हुने गर्छ ।

स्थानीय तह स्वतन्त्र रूपमा स्थानीय स्तरका विकास योजना तर्जुमा गर्न सक्छन् । स्थानीय आवश्यकता तथा स्रोतसाधनको पहिचान गरी स्थानीय तह आवधिक, वार्षिक, रणनीतिक, मध्यकालीन तथा दीर्घकालीन यो जना तर्जुमा गर्न अधिकारसम्पन्न छन् । उक्त योजना बनाउँदा सङ्घीय सर कार र प्रदेश सरकारको नीति, लक्ष्य र उद्देश्यसँग नबाझिने गरी बनाउनुपर्ने जिम्मेवारी हुन्छ ।

सङ्घीय शासन प्रणालीको आधार स्तम्भ भनेकै स्थानीय तह हुन् । यिनीहरू बलिया हुन सकेनन् भने प्रदेश तथा केन्द्र सरकार पनि बलिया हुन सक्दै नन् । स्थानीय सरकारको भूमिकालाई सुदृढ पार्न विभिन्न सुधार तथा परि वर्तन ल्याउन आवश्यक छ । अझै पनि कतिपय स्थानीय तहमा आधार भूत भौतिक पूर्वाधारको अभाव रहे को छ । स्थानीय आवश्यकता अनुसार को पूर्वाधार निर्माणमा जोड दिनु पर्छ । अधिकांश स्थानीय तह सङ्घ र प्रदे शबाट उपलब्ध हुने अनुदानबाट चले का छन् । कर्मचारीलाई तलबभत्ता खुवाउन पनि आन्तरिक स्रोतसाधनले नपुग्ने अवस्था छ ।

आन्तरिक राजस्व वृद्धिका लागि स्थानीय उत्पादन र उद्यमशीलता प्रवर्धन गर्न आवश्यक छ । साथै सङ्घीय तथा प्रदेश सरकारबाट प्रदान गरिने अनुदानलाई उत्पादनशील क्षे त्रमा लगानी गर्नतिर स्थानीय तहको ध्यानाकर्षण हुनु पर्छ । नेपालमा स्था(नीय तहमा कर्मचारी समायोजनको विषयलाई लिएर विभिन्न विवाद उठ्ने गर्छन् । स्थानीय तहमा कर्मचारी अपुग भएकाले संविधानले दिएका अधिकार उपयोग गर्न र प्रभावकारी कामकाज गर्न अवरोध पुगेको छ । स्थानीय तहमा कर्मचारी जान इच्छुक नहुनुको कारण पत्ता लगाई सोको उचित समाधान खोजिनु पर्छ ।

प्रशासनिक सेवा प्रभावकारी बनाउन स्थानीय तहमा राजनीतिक हस्तक्षेपर हित कर्मचारी नियुक्ति, सरुवा र बढुवा गरिनु पर्छ । दक्षता र योग्यताका आधारमा गरिएको कर्मचारी नियुक्तिले जनतामा स्थानीय .. (इमेलबाट प्राप्त)

बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

मुड्केचुला गाउँपालिका, डोल्पा

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

झिलिमिलि तिहार

- सूर्यप्रसाद लाकोजू

..... आफ्नै विशेषता छ। 'म्हःपूजा' नेवार समुदायमा हिन्दु र बौद्ध दुवै समुदायले मनाउने गर्छन् । 'म्हःपूजा' नेपाल भाषाको शब्द हो । 'म्हः' भनेको शरीर र पूजा भनेको पुज्ने काम भन्ने हुन्छ। यसरी 'म्हःपूजा' लाई अर्थ्याउँदा आफ्नो शरीरको पूजा भन्ने हुन्छ। कसै कसैले यसलाई आत्मपूजाका रूपमा पनि लिएका छन् । मानिसभित्र रहेको आत्मा अमर छ, अविनाशी छ । मानिसको देह मरे पनि आत्मा कहि(ल्यै मर्दैन भन्ने धार्मिक मान्यता छ । 'म्हःपूजा' भनेको पनि त्यही अमर आत्माको पूजा हो भन्ने विचार पनि छ । मानिस स्वयम् आफूमा ब्रह्माण्ड हो । त्यसैले मानिस स्वयम्ले आफ्नो पूजा गर्दा ब्रह्माण्डको पूजा हुने विश्वास पनि गरिन्छ ।

पूर्वतिर फर्केर गाईको गोबरले शुद्ध बनाई मण्डल बनाई पूजा गर्ने पर म्परा छ । मण्डल बनाउँदा परिवार को सङ्ख्याबाहेक तलतिर र माथितिर थप दुई वटा मण्डल लेखिन्छ । यी दुई वटा मण्डलमध्ये माथिल्लो मण्डल कुलदेवताका लागि र तल्लो मण्डल यमराजका लागि लेखिने गर्छ । यसरी बनाइएका मण्डललाई फूल, सिन्दूर, धुप, जजंका आदिले सजाइने गरिन्छ । यसरी मण्डल बनाइसकेपछि परि वारका सबै सदस्य लहरै पर्लेंटी कसेर बस्ने गर्छन् । घरको मुलीले सुरुमा सुकुन्दाको पूजा गरेपछि मण्डलमा पूजा गरिन्छ । मण्डलको मध्य भागमा कपडाबाट बनेको लामो बत्ती (खे लुइता) बालिन्छ । त्यसपछि फूल, अक्षता, 'ल्वँःचा मारी', अमला, ओ खर, ताँय् (धानको फूल), फलफूलका टुक्रालगायत सामग्रीबाट घरकी मुली महिलाले तीन पल्ट माना, करुवा, पाथी बाट आआफ्नो चलन अनुसार विशेष प्रकारले परिवारका सदस्यहरूको दायाँ र बायाँ घुँडा, दायाँ र बायाँ काँधमा छुवाएपछि टाउकोमा समर्पण गने अर्थात् चढाएर पूजा गर्ने चलन छ । त्यसपछि सगुन दिने काम हुन्छ । यस दिन नेवारले तीन किसिमका सगुन ग्रहण गर्छन् । दही सगुन, अन्डा सगुन र बिमिरोलगायत फलफूलको सगुन । यसरी सगुन लिँदा सुरुमा बालिएको लामो बत्ती निभ्नु हुन्न भन्ने धार्मिक मान्यता छ । त्यसैले सो बत्ती लामो रा खिएको हो भन्ने भनाइ छ । 'खें' सँग अर्थात् अन्डाको सगुन लिँदा अन्डासँगै माछा, मासु, बारा, रक्सी राखिएको हुन्छ । यी पाँच थरी खानेकुरालाई पञ्चतत्वका रूपमा लिइन्छ । यहाँ अन्डालाई वायु, माछालार्य जल, बारा लाई आकाश, मासुलार्य पृथ्वी अनि रक्सीलाई तेजको प्रतीकका रूपमा ग्रहण गरिन्छ । सगुन लिँदा पुरुषले दायाँ हातमा माछामासु र बायाँ हातले रक्सी ग्रहण गर्ने चलन छ । महिलाले त्यसको ठिक उल्टो दायाँ हातले रक्सी र बायाँ हातले माछामासु ग्रहण गने चलन छ ।

सगुनको कार्यक्रम सकिएपछि दही सगुन भन्दै घरकी मुली महिलाद्वारा दहीचिउरा हत्केलामा राखिदिने गरि न्छ । त्यसपछि बिमिरो, भोगटेलगा यत फलफूल र त्यसमाथि राखिएका 'जजंका' अर्थात् यज्ञोपवित परिवारका सबैले ग्रहण गर्ने चलन छ । अन्त्यमा एउटा बिमिरोलाई तलदेखि माथिसम्म गुल्ट्याइने गरिन्छ । त्यही बिमिरो काटेर दहीमा चोपी प्रसाद खाने चलन छ । 'म्हःपूजा' को कर्म सकिएपछि परि वारका सबै जना मिलेर विविध परि कारसहित भोज खाने चलन छ ।

'म्हःपूजा' वास्तवमा आफूभित्र रहेको चेतनाको पूजा हो । ईश्वर मानवभित्र रहेको हुन्छ । आफूभित्र रहेको ईश्वर को पूजा गरेर आफ्नो उद्धारका लागि आफैं अघि सर्नुपर्ने सन्देश 'म्हःपूजा' ले बोकेको छ । 'म्हःपूजा' बाट जीवन मा नयाँ उत्साह र उमङ्ग थपिने एवं जीवनमा आइपर्ने चुनौतीसँग लड्न सक्ने शक्ति मिल्ने जनविश्वास छ । यसरी मानिसको पूजा गर्ने, मानव लाई सिङ्गो ब्रह्माण्डको प्रतीक मानेर स्वयम्को पूजा गर्ने चलन नेपालबाहेक संसारमा कतै छैन । जबसम्म मनिसले आफूलाई चिन्न सक्दैन तबसम्म अरूलाई चिन्न सकिन्न भन्ने भाव 'म्हःपूजा' ले बोकेको देखिन्छ । विश्वका लागि यो अनौठो तर प्रेरणादायी अवश्य छ । यो चलन पनि नेपालीको मौलिक चलन हो । साभार: गोपबाट

स्तनपानः बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गने वस्तु (विक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

महत्वपूर्ण जानकारी

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं ।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं ।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं ।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं ।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं । अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं ।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं ।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझि राखौं ।

शरद लामा
कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा

जनहितमा जारी सूचना

खाना खानु अघि, शौचालय गए पछि,
खेतबारीमा काम गरिसके पछि
मिचिमिचि साबुन पानीले
हात धुन नभुलौं

खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
दुनै, डोल्पा

पानी शुद्धिकरण गर्ने घरेलु विधिहरू

दूषित खानेपानीका कारण विभिन्न पानीजन्य रोगहरु लाग्न सक्ने हुँदा सधैं सुरक्षित खानेपानी मात्र पिउनु पर्दछ । यसका लागि, निम्न उल्लेखित कुनै एक विधि अपनाई पानी शुद्धिकरण गर्न सकिन्छ ।



खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय
डोल्पा
फोन नं.: ०८७-५५०१३८

अर्थतन्त्रको मेरुदण्ड उद्योगबिना सम्भव छैन

- रमेश कुमार बोहोरा

आज नेपालले भोगिरहेको प्रमुख चुनौ तीमध्ये रोजगारी अभाव सबैभन्दा गहिरो समस्या बनिसकेको छ । प्रत्येक वर्ष हजारौं युवाशक्ति विदेशिने क्रम बढ्दो छ तर त्यसको मूल कारणमा सरकारको योजनाविहीन नीति, उद्यो गविहीन आर्थिक ढाँचा र स्थानीय रो जगारी सिर्जनाको प्रति उदासीनता स्पष्ट देखिन्छ । नेपालजस्तो कृषिप्रधान देशमा समेत उत्पादनमूलक उद्यो गहरू स्थापनामा राज्यको कमजोरी देखिएको छ । विगत दुई दशकको तथ्यांक हेर्दा स्पष्ट हुन्छ सरकारले उद्योगलाई प्राथमिकता दिएको छैन र यही कारणले देशको समग्र विकास र आर्थिक आत्मनिर्भरता सपनाजस्तै बनेको छ ।

वास्तविकता के हो भने हाम्रो देश ने पालमा रोजगारीको पर्याय बनेको छ वैदेशिक श्रम बेरोजगारीको यस्तो भयानक अवस्थाबाट देश गुज्रिरहेका बेला सरकारले यसको समाधान खो ज्ने गम्भीर प्रयास गरेको देखिँदैन । सन् २०२५ को प्रारम्भसम्म आएको उद्योग विभागको विवरणअनुसार बागमती प्रदेशमा मात्रै करिब ४९३ उद्योग दर्ता भएका छन् तर अन्य प्रदे शहरूमा त्यसको तुलनामा अत्यन्तै न्यून संख्या छ कोसी, मधेस र गण्डकी प्रदेशमा मात्र १९-१९ लुम्बिनीमा २५ र सुदूरपश्चिममा जम्मा ६ उद्योग दर्ता भएका छन् । यस्तो तथ्यांकले स्पष्ट देखाउँछ कि सरकारको ध्यान समान क्षेत्रीय विकासमा छैन । उद्योग स्थापनामा राज्यको राजनीतिक इच्छा(शक्ति नहुँदा देश आन्तरिक रोजगारी सिर्जनाबाट टाढिँदै गएको छ ।

नेपालका अधिकांश उद्योगहरू राज धानी केन्द्रित छन् । त्यसमा पनि उत्पादन होइन आयातमा आधारित थोक डिलरहरू, प्याकेजिङ उद्योग वा परिष्कृत वस्तुका सीमित कारोबार मात्रै छन् । बाँकी क्षेत्रहरूमा चाहिँ उद्यो गको नाममा काम चलाउ प्रयास मात्रै छन् । सरकारले "स्वदेशमै रोजगारी सिर्जना गर्ने" भनेर बारम्बार घोषणा गर्ने गरे पनि त्यसको कार्यान्वयनमा शून्यता देखिन्छ । उदाहरणका लागि नेपालमै एक दशकभन्दा बढी समयदे खि घोषणा गरिएको मल कारखानाको योजना अहिलेसम्म कार्यान्वयनमा आएको छैन । किसानहरू वर्षेनी मलको अभावमा सास्ती भोगिरहे का छन् तर सरकारले भने उही आश्वासन दोहोऱ्याउने काममात्र गदै आएको छ ।

हाम्रो कृषिप्रधान देशमा उद्योगको विकासले अर्थतन्त्रलाई मात्र हो इन रोजगारी सृजनालाई समेत बल पुऱ्याउँछ । चामल, तोरी, गहुँ, सुर्ती, तरकारी, फलफूल यी सबैका उद्यो गहरू निर्माण गर्न सकिने देशको क्षमता हुँदाहुँदै पनि त्यसमा लगानी र नीतिगत प्रोत्साहनको खडेरी देखिन्छ । कृषिमा आधारित उद्योग स्थापना गरेर स्थानीय कच्चा पदार्थलाई प्रयोग गदै उत्पादनमा रूपान्तरण गर्ने रणनीति अपनाइएको भए हामीले करोडौं रकम खर्च गरेर छिमेकी राष्ट्र भारत र चीन जस्ता मुलुकबाट आयात गर्नु पने अवस्था रहने थिएन । सरकारी ने तृत्वले अझै पनि उत्पादनभन्दा आयातमुखी आर्थिक ढाँचालाई निर न्तरता दिएको छ ।

अर्को पक्षमा हेर्दा सरकारी तन्त्रको ढिलासुस्ती र कर नीति उद्यो गहरूका लागि बाधक बनेको छ । हाल सञ्चालनमा रहेका उद्योगहरूले स्थानीय, प्रदेश र संघ तीनवटै सर कारबाट कर तिर्नुपर्ने स्थिति रहेको छ जसले उद्योगीहरूलाई झनै हतो त्साहित बनाएको छ । स्पष्ट कर नीति अभाव, झन्झटिलो प्रक्रिया, अना वश्यक जाँच पास प्रणाली, आयात निर्यातको पेचिलो अनुमति प्रक्रिया यी सबैले औद्योगिक वातावरणलाई असहज बनाएको छ । उद्योगको वृद्धिमा सघाउने राज्य नीतिहरू अझै पनि अस्पष्ट छन् ।

अहिले नेपालमा उत्पादन हुने मुख्य वस्तुहरू चिनी, चामल, इँटा, सिमेन्ट, चप्पल, जुटका सामान प्रति बजारमा माग छ तर ती उद्योगको उत्पादन क्षमतामा गिरावट आएको देखिन्छ । यो गिरावटको मूल कारण भनेकै कच्चा पदार्थको आयातमा निर्भरता, ऊर्जा संकट, पूर्वाधार अभाव र बजार व्यवस्थापनको कमजोरी हो । खासगरी ऊर्जा संकट नेपालका अधिकांश उद्योगको मर्ममा परेको चोट हो । नियमित विद्युत आपूर्ति नभएको, सौ र्य तथा वैकल्पिक ऊर्जा प्रवर्द्धनमा सर कार गम्भीर नदेखिएको र पूर्वाधार (सडक, यातायात, भन्सार सहजता) को अभावले उद्योगहरू धराशायी बन्दै गएका छन् ।

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन २०७६ लागू गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन नगर्दा यसको प्रभाव सीमित बनेको छ । उद्योगमैत्री वातावरण निर्माण गर्ने भ निएको कानुनलाई व्यावहारिक जीवन मा रुपान्तरण गर्न सरकार असफल दे खिएको छ । ऐन बनाउनु मात्र पर्याप्त होइन त्यसको कार्यनयनमा इच्छा शक्ति, प्रशासनिक दक्षता र लगानीमै त्री संरचना आवश्यक पर्छ । विडम्बना हाम्रो देश नेपालमा नीति बनाउने र त्यसलाई लत्याउने परम्परा नै विकास भएको देखिन्छ ।

यसै सन्दर्भमा एक महत्वपूर्ण प्रश्न उठ्छ के सरकार वास्तवमै उद्योगको विकास चाहन्छ ? यदि चाहन्छ भने किन प्रत्येक वर्ष सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट वक्तव्य मा उद्योग स्थापना सम्बन्धी लक्ष्य तो क्दैन ? किन प्रदेशस्तरीय पूर्वाधार यो जनाहरूमा उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिइँदैन ? किन ऋण लिन चाहने साना उद्योगीहरू साखमा समस्या भएर बिचौलियाको सहारा मा जानुपर्ने स्थिति आउँछ ? यी प्रश्नहरू सरकारी गम्भीरताको परी क्षण गर्ने कसौटी हुन् । दुर्भाग्यवश यी प्रश्नहरूको उत्तर पत्तो छैन ।

उद्योगको विकाससँगै राज्यले कृषि, सेवा, पर्यटन, ऊर्जा र पूर्वाधार मा समेत गुणात्मक सुधार ल्याउन सक्छ । उदाहरणका लागि साना किसानहरूलाई उत्पादनपछि उत्पा दित वस्तु बिक्रीका लागि बजार र मूल्य सुनिश्चित गर्न सक्ने उद्योगिक संयन्त्र बनाइयो भने ..... (गोपबाट)

सूचना । सूचना ॥ सूचना ॥॥

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

बाढी र पहिरोबाट सचेत होऔं ।

बाढी र पहिरो आउनुअघि :

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला तयार गरौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकता दिऔं,

बाढि र पहिरो आएमा :

- अनावश्यक हिडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलहरुबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तबरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

काइके गाउँपालिका, डोल्पा

भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा